नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अंक १९ ● ने.सं. ११४० चिल्लागा १४ (चतुर्दशी) ● वि.सं. २०७६ चैत्र १० गते, सोमबार ● 2020 March 23 Monday ● पृष्ठ ८

# कीर्तिपुर नगरपालिकाद्वारा बजार अनुगमन

# ३ वटा औषधि पसलमा तालाबन्दी



कीर्तिपुर नगरपालिकाद्वारा चैत्र ९ गते आइतबार बजार अनुगमन गरेको छ। विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरसका कारण बजारमा मास्क र ग्याँसको कृतिम अभाव श्रृजना गरेको भन्ने जनगुनासोलाई मध्यनगर गरी नगरपालिकाले बजार अनुगमन तिब्र पारेको हो।

कीर्तिपुर नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५ को दफा (३) बमोजिम गठित उपभोक्ता हित संरक्षण समिति र दफा (८) बमोजिम गठित बजार अनुगमन टोलीले संयुक्त रुपमा अनुगमन गरेको हो। कीर्तिपुरको मुख्य बजार अमल्सि र पांगा क्षेत्रमा भएका विभिन्न ग्याँस डिपो र औषधि पसल (फार्मेसी) मा अनुगमन गरेको थियो। कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काको नेतृत्वमा भएको संयुक्त अनुगमनमा कीर्तिपुर नगरपालिकाका प्रशासन शाखा प्रमुख जनक थापा संयोजक रहेको टोलीमा कृषि शाखाका गणेश थापा र चन्द्रप्रकाश रोकाय, स्वास्थ्य शाखाका सन्तमान मानन्धर र नारायण शर्मा, उपभोक्ता हित संरक्षणमा क्रियाशील इश्वरमुनी वज्राचार्य, बजार व्यवस्थापन समितिका बुद्धिमान महर्जन र नरेश श्रेष्ठ, वडा नं. ८ का अध्यक्ष विनोद महर्जन र महानगरीय प्रहरी बृत्त कीर्तिपुरका इन्चार्ज डिएसपि छेदिलाल कामती रहेका थिए।

सो टोलीले पांगा क्षेत्रमा रहेका ५ वटा ग्याँस डिपो र ५ वटा औषधि पसल (फार्मेसी) मा अनुगमन गरेकोमा ३ वटा औषधि पसलले नगरपालिकामा व्यवसाय दर्ता नै नगरेको साथै तोकिए अनुसार औषधि विज्ञ (फार्मासिष्ट) औषधि बिक्री स्थलमा नभएको र अन्य व्यक्तिले औषधि बिक्री वितरण गरिरहेको भेटिएको साथै म्याद नाघेका औषधि समेत बिक्री कक्षमा नै रहेको पाइएकोले तत्कालै ती पसलहरूमा ताला बन्दी गरी नगरपालिकामा आवश्यक प्रक्रियाको लागि सम्पर्क गर्न निर्देशिन दिइएको थियो।

यसैगरी बजार अनुगमन टोलीले चैत्र ४ गते अमल्सिमा रहेका ४ वटा ग्याँस डिपो र ४ वटा फार्मेसीमा अनुगमन गरेको थियो। अधिकांश व्यवसायीहरूले नगरपालिकामा दर्ता नगरेको पाइएकोले ती व्यवसायीहरूलाई सात दिन भित्र नगरपालिकामा व्यवसाय दर्ता गर्न भनिएको छ भने नवीकरण नगरिएको पाइएकोमा पनि सात दिन भित्रै नवीकरण गर्न भनिएको छ। त्यसै गरी एउटा फार्मेसीमा जिल्ला जनस्वास्थ्य कार्यालयमा नवीकरण बाँकी रहेको देखिएकोले त्यसलाई पनि छिट्टै नवीकरण गर्न भनिएको छभने ग्याँस डिपोहरूले पनि सहज वितरण नगरिएको पाइएकोले सहज गर्न भनिएको छ।

नगरपालिकाद्वारा गरिएको यस अनुगमन नगरका सबै ठाउँमा निरन्तर हुने बताउँनुहुँदै टोलीका संयोजक थापाले अब पनि यस्तो प्रकारको गल्ती दोहरिए आवश्यक कारबाही गर्ने समेत बताउनुभयो।

## ३ नं. वडामा सचेतना अभियान सञ्चालन




"कोरोना भाइसर विरुद्ध हामी जुटौं, हामी सक्छौं" भन्दै कीर्तिपुर नगरपालिका वडा नं. ३ ले आइतबार सचेतना अभियान सञ्चालन गरेको छ। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको उच्च सतर्कता अपनाउँदै वडाले आफ्नो वडाका सबै ठाउँमा नोवासाईड नामक औषधि पनि छर्किएको हो।

नियमित रुपमा साबुन पानीले हात धोऔं, मास्कको प्रयोग गरौं भन्दै माइकिङ्गसहित गरेको अभियानमा पर्चा पनि बाँडेको थियो। उक्त सचेतना अभियान ३ नं वडाका साथै वडा स्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थान समिति र पालिफल स्वास्थ्य चौकीको आयोजनामा भएको हो।

## सम्पादकीय

# त्रसित होइन सतर्क रहौं

चीनको वुहानबाट उद्गम भएको कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणबाट आज सम्पूर्ण विश्व आक्रान्त छ। विश्व कोरोना भाइरस महामारी विरुद्धको लडाइँमा छ। यसै क्रममा विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई सङ्क्रमणको उच्च जोखिममा रहेको जनाएको छ। यससँगै नेपाल सरकारले पनि उच्च सतर्कता अपनाउने र भाइरस सङ्क्रमण रोक्ने उपायको रूपमा सम्पूर्ण विद्यालय तथा विश्वविद्यालयका पठन पाठन र परीक्षा लगायतका गतिविधि चैत महिना भरका लागि बन्द गरेको छ।

यसका साथै मानिसहरूको भीडभाड हुने क्लब, सिनेमा हल, सभा समारोह, खेलकुद् तथा विभिन्न महोत्सवहरू पनि बन्द गरिएका छन्। साथै अत्यावश्यक कार्यमा २५ जना भन्दा बढी जम्मा हुन प्रतिबन्ध लगाइएको छ तर हामी नेपालीहरूको गम्भीर कुराहरूलाई पनि हलुका रुपमा लिने बानीले गर्दा सरकारको यो पछिल्लो कदम सबैद्वारा पूर्ण पालना गरिएको छैन। यसतर्फ सरकार र स्वयं जनताहरू बेलैमा सचेत हुनु जरुरी छ। यसको ज्वलन्त उदाहरण विभिन्न संसदीय समितिहरूमा २५ भन्दा बढी सांसदहरू भेला भई बैठक गरेको र विभिन्न भोज भत्तेरहरूमा पनि सयौंको सङ्ख्यामा सहभागी हुने गरेको देखिएको छ। यस्तो जबरजस्ति गर्नेलाई सरकारले स्थितिको गाम्भीर्यतालाई मध्येनजर गरी कडा कारबाही गर्नु जरुरी छ। यसो गरिएन भने देखासिकी गर्दै गर्दै धेरै सङ्ख्यामा मानिसहरू औपचारिक तथा अनौपचारिक कार्यहरूमा जम्मा हुने क्रम बढेर पुनः परिस्थिति नियन्त्रण बाहिर जान पनि सक्छ।

यही क्रममा कीर्तिपुर नगरपालिकाले पनि स्थितिको गम्भीरतालाई ध्यानमा राखी सबै प्रकारका भीडभाड हुने क्रियाकलापमा कडाइका साथ रोक लगाउनु जरुरी छ र यस निर्देशनलाई नमान्ने आयोजक र सहभागीलाई निगरानीमा राखी सचेत तुल्याउने र बारम्बार सोही कार्य दोहोऱ्याउनेलाई कडा कारबाही गर्नु जरुरी छ। स्थानीय प्रहरी प्रशासनको सहयोग लिएर निगरानीमा राख्नु पर्ने यस्ता स्थानहरूमा विभिन्न रेष्टुरेण्ट, फुटसल, ब्याङ्क्वेट तथा पार्टी प्यालेस र भ्वय् छैं, केही निजी विद्यालयहरू आदि पर्दछन्। संघीय सरकारको कार्यमा थप टेवा पुऱ्याउँदै आफ्नो कार्यक्षेत्रमा आवश्यक क्वारेन्टाइन स्थल र आइसोलेशन केन्द्र तथा आवश्यक जनशक्तिको तयारी गर्नु जरुरी छ। यसका साथै असहज परिस्थितिको नाजायज फाइदा लिने दुस्प्रयास गर्ने व्यापारी लगायत सबैलाई पनि निगरानीमा राख्नु जरुरी छ।

अन्त्यमा हाल देखिएको असहज परिस्थितिसँग त्रसित भई नआत्तिइकन सतर्क रहन, अपनाउनु पर्ने सबै सावधानी अपनाउन र कोरोना भाइरस सङ्क्रमणले गाँजेको मुलुकमा रहनुभएका आफ्ना परिवारजनलाई पनि सचेत तुल्याउँदै लकडाउन गरिएका स्थानमा रहेकाहरूलाई हौसला प्रदान गर्नुहुन सम्पूर्ण कीर्तिपुरबासीमा **नगर सन्देश** परिवार हार्दिक अनुरोध गर्दछ।

# जैविक विविधताको लागि भंगेरा संरक्षण अभियान शुरू गरौं - २

**ध्रुव बस्नेत**

भँगेरा संरक्षणका लागि श्री सामाजिक सद्भाव तथा राष्ट्रिय एकता अभियान नागरिक समाजबाट गरिएका कार्यहरू :

१. हाम्रा घर घरमा बस्ने भँगेरा हराउन थाले, संरक्षण गरौं भन्ने पम्प्लेट तयार गरी प्रचार प्रसार गरेको,

२. २०७५ कार्तिक २१ का दिन तिहारमा पाँगाको लाछीमा नाचमा भेला भएकाहरू समक्ष भँगेरा संरक्षणको आवश्यकता र वर्तमान अवस्थाको बारेमा मन्तव्य राखेको,

३. कीर्तिपुर दर्पण वर्ष १५, अङ्क १९ मा समाजले गरेको कार्य उल्लेख गर्दै समाचार प्रकाशन गरेको,

४. थाहा एफ. एम् र नेवा एफ. एम्. मा त्यस सम्बन्धी विषयवस्तुमा अन्तर्वार्ता दिएको,

५. २०७६ कार्तिकमा कीर्तिपुर नगरपालिकाका विभिन्न वडा कार्यालयमा कीर्तिपुर नगरपरिषद्ले पास गरेअनुसार भँगेरा संरक्षणको काम गर्न अनुरोध पत्र दर्ता गराएको,

६. २०७६ भदौमा मच्छेगाउँको लाखे नाच प्रतियोगितामा सहभागीसँग भेटघाट गरी भँगेरा संरक्षण अभियानको प्रचार प्रसार गरेको,

७. २०७६ भदौ २० मा वरिष्ठ संस्कृतिविद् श्री सत्यमोहन जोशीको घर र २०७६ फागुन २१ मा त्रि.वि प्राध्यापक आवास गृहमा भएको भँगेरा कोलोनीसमेतको सामाजिक सञ्जालबाट प्रचार प्रसार गरेको,

८. भँगेराको संरक्षणार्थ लेखकको घरमा ४४ वटा वटा गुँड बनाउने स्थान र छिमेकीमा बन्दै गरेको घरमा समेत भँगेरा बस्ने प्वालहरू बनाउन उत्प्रेरणा जगाएको,

९. विगत सन् २०१० देखि मार्च २० मा भँगेरा दिवस मनाउँदै आएको, यस क्रममा २०१७ मार्च २० मा अन्तराष्ट्रिय भँगेरा दिवस मनाएको, (अन्नपूर्ण पोष्टमा २०७३ चैत ८ मा छेटु शेर्पाको आलेख प्रकाशित भएको)

> **मेरो धारणा**
>
> **मानिसकै घर घरमा बस्ने भँगेराले आफ्नो सुरक्षित गुँड बनाउन नसक्ने रहेछ। त्यही बुझेका हाम्रा पूर्खाले आफ्नो घरमा भँगेरा सुरक्षित हुने गुँड बनाए। त्यो कुरा आज हामीले बिर्स्यौं। यद्यपि जैविक विविधताको महत्त्व बुझेका वर्तमानका हामीले सोही जैविक विविधताको संरक्षणको लागि भए पनि भँगेरा संरक्षणको अभियानमा लागौं।**



मानिसकै घर घरमा बस्ने भँगेराले आफ्नो सुरक्षित गुँड बनाउन नसक्ने रहेछ। त्यही बुझेका हाम्रा पूर्खाले आफ्नो घरमा भँगेरा सुरक्षित हुने गुँड बनाए। त्यो कुरा आज हामीले बिर्स्यौं। यद्यपि जैविक विविधताको महत्त्व बुझेका वर्तमानका हामीले सोही जैविक विविधताको संरक्षणको लागि भए पनि भँगेरा संरक्षणको अभियानमा लागौं। यसका लागि आवश्यक योजना बनाउन, कार्यक्रम सञ्चालन गर्न र बजेटको व्यवस्था गर्न नेपाल सरकार र स्थानीय सरकारको रुपमा कीर्तिपुर नगरपालिकालाई पनि अनुरोध गर्दछु।

***समाप्त***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कोभिड-१९ सम्बन्धी उच्च सतर्कता अपनाउँदै कीर्तिपुर नगरपालिका




विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको सङ्क्रमण विरुद्ध कीर्तिपुर नगरपालिकाले उच्चसतर्कता अपनाएको छ । नगरपालिकाले नगरपालिकाका १० वटा वडाका ११ वटा स्वास्थ्य चौकीहरू रहेकोमा प्रत्येक स्वास्थ्य चौकीबाट प्रमुखसहित दुईजना गरी २२ जना स्वास्थ्यकर्मीहरूलाई यस बारेमा अभिमुखीकरण कार्यक्रम गरेको छ।

चैत्र ७ गते भएको उक्त कार्यक्रममा कोरोना भाइरसका कारण बिरामी भएको खण्डमा ती बिरामीहरूलाई उपचार गर्न स्वास्थ्यकर्मी स्वयं पनि सतर्क हुनु पर्ने र आत्मबल बढाउनु पर्ने कुराको जानकारी गराइएको थियो। स्वास्थ्यकर्मीको आत्मबल बढेपछि ती स्वास्थ्यकर्मीहरू समुदायमा जाने भएकोले स्वतःस्फूर्तरुपमै समुदायकै पनि आत्मबल बढ्ने भएकोले कोरोना संक्रमण भइहाले पनि त्यससँग लड्ने क्षमता बृद्धि हुने बताउनुभयो।


कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा कीर्तिपुर अस्पतालमा भएको सो कार्यक्रममा रापित रेस्पोन्स टीम (आरआरटी)लाई उच्च सतर्कतामा राखेको स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले बताउनुभयो।

कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले कीर्तिपुर नगरपालिकामा हालसम्म भइरहेको तयारीका विषयमा जानकारी दिनुका साथै आत्मबल बढाउनु पर्ने कुरामा जोडदिनुभएको थियो । सेनिटाइजर र मास्क जस्ता अत्यावश्यक सामानहरू वडामार्फत विभिन्न स्वास्थ्य स्वयंसेवकहरू र महिला समूहहरूसमक्ष पुऱ्याइदिने व्यवस्था मिलाइएको बताउनुभयो।

कोरोना भाइरसको हाल सम्म कुनै पनि औषधी नभएको, उपचार पनि नभएको साथै यस भाइरसविरुद्धको भ्याक्सिन पनि अनुसन्धाकै क्रममा रहेकोले कीर्तिपुर नगरपालिकाका ११ वटै स्वास्थ्य चौकीमा यसबाट बच्न जनचेतना जगाउने नै प्रमुख उपाय भएको र सकेसम्म सबै जनतासम्म पुग्ने गरी छिनछिनमा साबुन पानीले हात धुने, सानेटाइजर प्रयोग गर्ने, हुलमुलमा नजाने जस्ता जनचेतना जगाउने योजनाहरू बनाउने कार्यहरू गर्नुपर्ने बताउनुभएको थियो ।

कीर्तिपुर नगरपालिका कार्यालय प्रवेश गर्ने मुलद्वारलगायत प्रत्येक स्वास्थ्य चौकीमा साबुन पानीले हात धुने सुविधाका साथै कोरोना सम्बन्धी सहायता कक्ष स्थापना गरेको, कीर्तिपुर अस्पतालमा भएको आइसियू कक्षलाई ३ शैया थप गरेको समेत स्वास्थ्य शाखा प्रमुख मानन्धरले बताउनुभयो।

कीर्तिपुर अस्पतालका निमित्त निर्देशक डा. पेरु प्रधानलगायतका समूहले दिएको प्रशिक्षणमा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का र स्वास्थ्य शाखा प्रमुख मानन्धरलगायतले सो कार्यक्रममा प्रशिक्षण दिनुभएको थियो।



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या: ०७६/०७७
च.नं.: २४०२

मिति: २०७६/११/३०

रोजगार सेवा केन्द्र

**न्यूनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगार हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ०७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ वर्ष देखि ५९ वर्ष सम्मका कीर्तिपुर नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने इच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आ-आफ्नो वडा कार्यालयमा २०७६ चैत्र मसान्त सम्ममा तोकिएको ढाँचाको निवेदन भरी पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त फारम सबै वडा कार्यालयहरुमा कार्यालय समय भित्र निशुल्क पाईने व्यहोरा पनि अवगत गराईन्छ । फाराम सँगै तपशिल बमोजिमको कागजातहरु संलग्न गरी पेश गर्नु पर्ने छ ।

तपशिलः

१. नेपाली नागरिकताको प्रतिलिपी- १ प्रति
२. पासपोर्ट साइजको फोटो — १ प्रति
३. बसाई सराई गरेर आएको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपी -१ प्रति
४. शैक्षिक योगयताको हकमा शैक्षिक प्रमाणपत्रहरुको १/१ प्रतिलिपी ( नभए अनिवार्य छैन)
५. कुनै तालिम लिएको वा काम गरेको अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीका लागिः
केदार बुढाथोकी
रोजगार संयोजक
कीर्तिपुर नगरपालिका,
की.न.पा -१०, नयाँबजार
फोन नः ०१४३३१११०

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८९, E-mail: ict.munkirtipur@gmail.com

# विपद् व्यवस्थापन समितिं पूर्व तयारी व सचेतना ज्याभ्वः याइगु

किपू नगरपालिकाया मेयर रमेश महर्जनया अध्यक्षताय् किपू नगरपालिका स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिया बैठक च्वंगु दु। किपू नगरपालिकाया न्हूगु छेँ, अमल्सिइ चैत्र ७ गते च्वंगु उगु बैठकं कोरोना भाइरसपाखें जुइगु संक्रमणपाखें बचेजुइत नेपाल सरकारं काःगु निति कथं स्थानीय स्तरय् स्वास्थ्य शाखामार्फत ज्याभ्वःत यायेगु, विपद् जुइस्वयां न्ह्यः यायेगुमाःगु सचेतना यायेगुया लिसें उच्च सतर्कता नालेमाःगु व फुक्क स्वास्थ्यकःमिपिंपाखें हूलमुल मयायेगु, साबुं लखं धायूर धायूर हे ल्हाः सिलेगुया लिसें सरसफाइ यायेत प्रोत्साहन याकेगु धाःगु दु।

विपद् जुल हे धाःसां नं माःगु आइसोलेसन वार्डया तयारी यायेगु, नेपाल सरकारं उपलब्ध याकूगु सितिकं बीगु वासःत माक्व तयेगु व पिपिई (सुरक्षित लं ) न्यायेगु, स्वास्थ्य क्षेत्रं समुदायलिसे सहलह यायेगु व नगरपालिकाया वडा स्तरीय विपद् व्यवस्थापन समितिइ तकं सहलह ब्याका श्रोत व्यक्तिपिंपाखें सुरक्षितकथं अभिमुखिकरण ज्याभ्वःयासें दक्वसितं संयमितता व सचेत यायेगुया लिसें विश्वव्यापिरुपय् आक्रान्त जुयाच्वंगु कोरोना भाइरसपाखें क्षति मजुइकेत दक्वं अंग त छ्यलेगु निर्णय याःगु दु। बैठकय् सल्लाहकार व विज्ञतयूगु नं ब्वति दुगु खः।

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आर्थिक प्रस्ताव खोल्ने सूचना**
**प्रकाशित मिति : २०७६/११/३०**

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-26/076/077 को अमृतनगर - मैत्रीनगर - नोल भाषा एकेडेमी सडक स्तरोन्नती लागि मिति २०७६/०९/२४ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम (५) बमोजिम मिति २०७६/१२/०६ गते अपरान्ह ४:०० बजे नगरपालिका कार्यालय भवन, वडा नं. २ देवढोकामा आर्थिक प्रस्ताव खोल्ने भएकोले उपस्थित हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल
१) Kabindra Nirman Sewa Co Pvt Ltd, कीर्तिपुर नगरपालिका वडा नं. - १
२) C.M.-R.M.-L.N.M J/V, कीर्तिपुर नगरपालिका वडा नं. २

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौ**

**पूनः शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

(पुनः प्रकाशित मिति : २०७६/१२/०६)

यस नगरपालिकाको तपसिलको योजना शिलबन्दी दरभाउपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजत पत्र, सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनी दर्ता प्रमाण पत्र, आ.व. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम शिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्नुहुन पूनः शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) दरभाउपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७६/१२/१३ गते कार्यालय समय भित्र खरिद गरी मिति २०७६/१२/१४ गते मध्यान्ह १२:०० बजे सम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७६/१२/१४ गते अपरान्ह ३:०० बजे खोलिनेछ। निर्माण व्यवसायी वा वारेसको उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३) तोकिएको मितिमा बिदा परेमा बिदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) शिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) शिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) शिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ९० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ।
६) दरभाउपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ।
८) यस दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नु परेमा बिदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.न. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | दरभाउपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | KRM 38/076/077 | हिमाल सिमेन्ट - फनपार्क सडक सुधार, वडा नं. ६ | १,२९४,६४५.७२ | १०००।- |
| २ | KRM 39/076/077 | मानेडाँडा देखि ज्वालादेवी मन्दिर सडक सुधार, वडा नं. ४ | ८६३,३५७.५० | १०००।- |
| ३ | KRM 41/076/077 | भत्केपाटी देखि पुष्पलाल पार्क सडक सुधार, वडा नं. ४ | १,२९४,९९१.८१ | १०००।- |

---

**Invitation for Bids**

Government of Nepal (GoN)

**Kirtipur Municipality**
**Office of the Municipal Executive**
Date of publication: 2076/12/07

**Invitation for Bids**

1. **Kirtipur Municipality, Office of the Municipal Executive** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the **Construction of playground at Nayabazar, Kirtipur - 10** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 1,44,64,951.97 ***(inclusive of VAT).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***the municipal executive, Kirtipur Municipality, Devdhoka, email:- ict.munkirtipur@gmail.com, phone no- 014332205*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office ***the municipal executive, Kirtipur Municipality, Devdhoka*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000/- till 2077/01/07 during office hours. Or Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Name of the Bank: Krishi Bikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office of ***the municipal executive, Kirtipur Municipality, Devdhoka,*** by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 2077/01/08 on 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***17:00, 2077/01/08*** at the office of ***the municipal executive, Kirtipur Municipality, Devdhoka***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 3,20,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# कीर्तिपुर अस्पतालं 'फिबर डेक्स' न्ह्याकल



कीर्तिपुर अस्पतालं थःगु अस्पतालय् वइपिं बिरामिलिसें सर्वसाधारण मनूतयूत समेत ज्वर नापेयाना व सानिटराइज बुइका जक दुत छ्वयेगु याःगु दु। अस्पताल दुने दुहाँ वनेत न्हापां ज्वर नापेयायेमाःगु व्यवस्था याःगु खःसा यदि ज्वर ३७ डिग्रीस्वयां अप्वः दुसा अस्पताल दुने दुतमछ्वःसे पिने हे जाँचे यायेगु कथं "फिबर डेक्स" न्ह्याकूगु दु।

विशेष यानां विश्वय् न्यनाच्वंगु कोरोना भाइरसया माहामारीया हुनिं अथे "फिबर डेक्स" न्ह्याकूगु खः। कोरोना भाइरसया लक्षण धइगु हे अप्वः ज्वर वइगु, कथु स्याइगु व सासः तकं ल्हायेथाकुइगु जूगुलिं ज्वर दुपिं वल धाःसा न्हापां कोरोना भाइरस संक्रमित खःकि मखु धकाः जाँचे यायेत अथे व्यवस्था याःगु खः।

नेपालय् आःतक थुकिया संक्रमित त मदुगु सरकारी तथ्याङ्क दुसा संक्रमित जुल हे धाःसां नं बांलाक बिचाः यायेफत धाःसा लने नं फुगु स्वास्थ्यकःमिपिंसं धाःगु दु। कोरोना भाइरस संक्रमणया शंका जुल धाःसा त्रिभुवन विश्वविद्यालयया भःख्यलयूच्वंगु जनस्वास्थ्य केन्द्रीय विभागय् क्वारेन्टाइनया लागि छ्वयेगु व्यवस्था यानागु अस्पतालया डा. दिपक राजभण्डारीं जानकारी बियादीगु दु।

**कीर्तिपुर स्थानीय उत्पादन तथा कृषि वजार प्रवर्द्धनको लागि पूर्वाधार निर्माण गर्ने सम्वन्धी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६।१२।०६

कीर्तिपुर नगरपालिकाको सहकार्य, वर्ल्डभिजन इन्टरनेशनलको आर्थिक तथा प्राविधिक सहयोग र असल छिमेकी नेपालको कार्यान्वयनमा सञ्चालित **शहरी जिविकोपार्जन तथा फोहोर व्यवस्थापन परियोजना** अर्न्तगत कीर्तिपुर नगरपालिका वडा नं. ७ र ९ को सिमाना चिखु आवास ( हनुमानघाट) मा अवस्थित कीर्तिपुर स्थानीय उत्पादन तथा कृषि वजार प्रवर्द्धनको लागि पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले देहायका शर्त/बन्देजहरुको अधिनमा रही निर्माण गर्न इच्छुक मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका कम्पनी, फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र असल छिमेकी नेपालको फिल्ड कार्यालय कीर्तिपुरमा सम्पर्क गरी शिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. बजार प्रवर्द्धनको लागि निर्माण कार्य गर्नको लागि नेपाल सरकारको इजाजत प्राप्त रजिष्ट्रर्ड संस्था, फर्मले निम्न बमोजिम प्रमाणित कागजातहरु सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र असल छिमेकी नेपलको फिल्ड कार्यालय कीर्तिपुरमा पेश गरी बोलपत्र खरीद गर्न सकिने छ।

(क) अद्यावधिक नवीकरण भएको व्यवसायिक संस्था वा फर्मको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रतिलिपि ।

(ग) आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(घ) नागरिकताको प्रतिलिपि ।

(ङ) तोकिएको मिति र म्याद भित्र पूर्वाधार निर्माण गर्नको लागि दररेट अंक र अक्षर दुवैमा भरी शिलवन्दी लाहाछाप गरी असल छिमेकी नेपालको फिल्ड कार्यालय कीर्तिपुरमा दर्ता गर्नु पर्नेछ।

२. तोकिएको बोलपत्र अन्तिम मितिको भोलिपल्ट कार्यालयमा खोलिने छ।

३. निर्धारित ढाँचामा पेश नगरिएका बोलपत्र फारामलाई मान्यता दिइने छैन।

४. निर्माण कार्यको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिने छ।

**बोलपत्र फारामकोलागि सम्पर्क**
असल छिमेकी नेपाल, फिल्ड कार्यालय,
कीर्तिपुर-८, पाँगा मा.वि सँगै
फोन नं.९८१८९२०५४४

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**बोलपत्र स्वीकृतीका लागि आशयको सूचना**
प्रकाशित मिति : २०७६/११/३०

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-29/076/077 को वडा नं. ९ मा कृषि तथा तरकारी बजारको लागि ट्रस निर्माण योजना संचालनको लागि मिति २०७६/१०/०७ गते प्रकाशित सिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र रीत पूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये का.म.न.पा. - १४, कलंकी ठेगाना भएका भिमेश्वर बिल्डर्स प्रा.लि.ले सबैभन्दा घटि रकम रु २,६०५,९२४.५८ (मु.अ.क. वाहेक) कबोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीका लागि छनौट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।






**साबुन पानीले हात धोऔं :** कोरोना भाइरसबाट बच्न कीर्तिपुर नगरपालिकाको नयाँ भवन, अमल्सिको मूलद्वारमा साबुन पानीले हात धुने व्यवस्था गर्दै। नगरपालिकाले प्रत्येक वडामा साबुन पानीले हात धुने व्यवस्था गरेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# सार्वजनिक शौचालय सफाइ सम्बन्धी तालिम सम्पन्न



कीर्तिपुर नगरपालिकाले गैर सरकारी संस्था गुठी र वाटर एडको सहयोगमा सार्वजनिक शौचालयमा कार्यरत सफाइ कर्मचारीहरूलाई शौचालय सरसफाइ सम्बन्धी तालिम दिनुका साथै आवश्यक सामग्री पनि हस्तान्तरण गरेको छ। चैत्र २ गते हिलसाइड होटलमा भएको उक्त कार्यक्रममा २५ जना सफाइ कार्मचारीहरू उपस्थित भएका थिए।

नगरमा रहेका सार्वजनिक शौचालयको वर्तमान अवस्थामा सुधार गरी सफाइ कर्मचारीहरू आफैलाई पनि सरसफाइको बारेमा दक्ष बनाउन यस कार्यक्रमको आयोजना गरेको कार्यक्रममा बताएका थिए। हालै मात्र सार्वजनिक शौचालय सञ्चालनको मार्गनिर्देशन पारित गरी देशकै पहिलो नगरपालिका भएको कीर्तिपुर नगरपालिकाले यस विषयमा एक कार्यक्रम गरी आवश्यक सुझावहरू सङ्कलन गरेको थियो।

हाल विश्व नै त्रसित भइरहेको कोरोना भाइरसको सङ्क्रमणलाई समेत कम गराउन पनि सरसफाइमा विशेष ध्यान दिनु पर्ने बताउँनुहुँदै गुठीका सल्लाहकार प्रकाश अमात्यले सार्वजनिक शौचालय नगर नै स्वच्छ राख्न महत्त्वपूर्ण भूमिका रहने भएकोले यसको आवश्यक व्यवस्थापन, सही पूर्वाधार र दक्ष तालिम प्राप्त सञ्चालकहरूको कमिका कारण शौचालय नाजुक रहेको बताउनुभयो।

कीर्तिपुर नगरपालिकाका स्वास्थ्य, वातावरण तथा फोहरमैला व्यवस्थापन समितिका संयोजक तथा वडा नं. १ का अध्यक्ष हर्ष महर्जनले कीर्तिपुर नगरमा भएका शौचालयहरूलाई व्यवस्थितरुपमा सञ्चालन गर्न सकेमा र राम्रो सरसफाई भएमा र अझ पाहुनाहरूलाई शौचालयको बारेमा आवश्यक जानकारी गराउन सके तिनीहरू कीर्तिपुरमा रमाउने कुरा गर्नुहुँदै पाहुनाहरूले "आहा कति राम्रो कीर्तिपुर" भनेको खण्डमा धेरै राम्रो हुने बताउनुहुँदै उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिकाका ज्ञानबज्र महर्जनले शौचालय तथा सरसफाइमा काम गर्दा आफूहरूलाई सुरक्षित राख्न अपनाउनु पर्ने सावधानीका बारेमा बताउनुहुँदै स्वास्थ्यको लागि सरसफाइ र शौचालयको महत्त्वको बारेमा प्रस्तुतीकरण समेत दिनुभएको थियो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले कीर्तिपुर नगर सफा गर्ने सरसफाइकर्मीहरूको योगदानको प्रशंसा गर्नुहुँदै धन्यवाद् दिनुभएको थियो।

# आई. पि. एम. प्रविधि विषयक तालिम सम्पन्न




कीर्तिपुर नगरपालिका कृषि शाखाको आयोजनामा खरिबोट महिला कृषि बहुउदेश्यीय सहकारी संस्थाका २० जना सदस्यहरूको सहभागितामा चैत्र २ देखि सञ्चालित ७ दिने आई.पि.एम. Integrated Pest Management (एकिकृत शत्रु जीव व्यवस्थापन) तालिम चैत्र ८ गते सम्पन्न भएको छ।

कीर्तिपुर नगरपालिका वडा नं. ६, टौदहमा सञ्चालित उक्त तालिमको समापन कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्कालगायत अतिथिहरूले तालिममा सहभागीहरूलाई विभिन्न कृषि सामग्रीहरू समेत वितरण गर्नुभएको थियो।

सिजनल तरकारीका बिउ (सिमि, बोडी, भण्टा, गोलभेडा, घिरौंला, करेला, रामतोरिया, जुकेनी फर्सी, डल्ले फर्सी, काँक्रो) ४६ पाकेट, मल (भर्मी कम्पोष्ट-२केजी) ७५ पाकेट, जैबिक विषादि (निम-१०० एम.एल.) ४० भाईल, बोरेक्स (१ केजी)को १० पाकेट, जिंक १ केजीको १० पाकेट, जाईम १ केजीको १० पाकेट, सागर गोल्ड १ केजीको २५ पाकेट, क्याल्सियम नाईट्रट १ केजीको १० पाकेट, माटो परिक्षण किट १ सेट, स्प्रे १६ लि.को १० वटा, ट्रे १०० वटा, १२० लि. को ड्रम २० वटा, ट्र्याप ५० सेट, ५ लि.को हजारी २० वटा र ब्याड प्लास्टिक १०० मिटर सहभागीहरूलाई उपलब्ध गराइएको थियो।

कृषि सामग्री हस्तान्तरण गर्नुहुँदै उपमेयर खड्काले सकेसम्म आफ्नो जग्गा अरुलाई भाडामा नदिई आफैले केही न केही उत्पादन गरी आय आर्जन गर्न अनुरोध गर्दै किसानलाई फूल खेति गर्न प्रोत्साहन दिनुभयो। किसानले फूल खेति गरी फूल फुलायौं भने आफूहरूलाई सम्मान गरेको खादालाई विस्थापित गरी फुलको माला लगाउने आशा व्यक्त गर्नुभयो। प्रमुख अतिथि मेयर महर्जनले तालिम लिइसकेपछि तालिमको उचित तरिकाले व्यवहारमा लागु गऱ्यो भने त्यसबाट केही भएपनि आम्दानी हुने कुरा बताउनुभयो। आफूसँग भएको जग्गाको पनि प्रयोग हुने र सीप पनि प्रयोग भई आम्दानी समेत हुने भएकोले कसैसँग आश्रित हुनु नपर्ने बताउनुहुँदै मेयर महर्जनले यसलाई अझ व्यवस्थित भई समूहगत रुपमा मिलेर गर्नसक्यो भने व्यवसायिक रुपमै गर्न पनि सकिने र यसरी समूहगत रुपमा मिलेर गर्ने हो भने नगरपालिकाले पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

तालिमका प्रशिक्षक वेद प्रसाद चौलागाईं, प्रशिक्षार्थीका तर्फबाट खरिबोट महिला कृषि बहुउदेश्यीय सहकारी संस्थाका अध्यक्ष सरिता नेपालले पनि आ-आफ्नो मन्तब्य राख्नुभएको कार्यक्रम समाजसेवी कवीर नेपालको सभापतित्वमा भएको थियो भने कार्यक्रम कृषि शाखा प्रमुख गणेश थापाले सञ्चालन गर्नुभएको थियो।



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ। ३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:

मिति: 2076.12.04

सूचना ! सूचना !! सूचना !!!

सबै सामुदायिक तथा संस्थागत विध्यालयहरु

विश्वभर फैलिरहेको नोबल कोरोना भाइरसका कारण पूर्व सावधानी तथा सतर्कता अपनाउन पर्ने भएकाले यस कीर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक तथा संस्थागत विध्यालयहरुको बालविकास केन्द्र देखि कक्षा ९ सम्मको पठन पाठन अर्को सूचना नआए सम्म हाललाई मिति २०७६/१२/०५ देखि २०७६/१२/१९ गते सम्म (१५ दिन) विध्यालयको पठन पाठन बन्द गर्नु गराउनु हुन यसै सूचना द्वारा जानकारी गराइन्छ।

टंकलाल गैरे
उपसचिव
शिक्षा शाखा

फोन नं ९७७-१-४३३११९२, ४३३१८०४, फ्याक्स नं : ९७७-१-४३३१३८१ E-mail ict.munkirtipur@gmail.com

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
८
ने.सं. ११४० चिल्लागा चतुर्दशी
वि.सं. २०७६ चैत्र १० सोमवाः

## राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रमा

# कोरोनाको उपचार गर्ने तयारी





कोरोना भाइरस (कोविड-१९)को माहामारीका लागि नेपाल सरकारले उच्च सतर्कता अपनाइदैं काठमाडौंका ३ वटा अस्पतालहरूलाई उपचार गर्नको लागि तोकेको छ। जसमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, पाटन अस्पताल र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा रहेको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र रहेका छन्।

सो कुराको स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले गत चैत्र २ गते राष्ट्रिय सभामा जानकारी गराउनु भएको हो। कोरोनाको सङ्क्रमण रोकथामका लागि नेपाल सरकारले विभिन्न प्रयासहरूसमेत गरिरहेको बताउनुहुँदै मन्त्री ढकालले सङ्क्रमण भित्रिहाल्यो भने पनि नियन्त्रणमा लिनसक्ने गरी कामहरू गरिरहेकोले भयभीत र आतङ्कित नहुन सर्वसाधारणलाई आह्वान समेत गर्नुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा.धर्मकान्त वास्कोटा र स्वास्थ्य मन्त्रालयको समन्वयमा त्रिवि स्थित जनस्वास्थ्य केन्द्रीय विभागको भवनलाई आइसोलेसन र राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई उपचार कक्ष बनाउने सहमति भएको बताउनुहुँदै मेयर महर्जनले ती भवन भएको बाटो (लेबरेटोरी स्कुलबाट कीर्तिपुर आउने नयाँ बाटो) लाई पूरै बन्द गरी त्रिविको तिनकुने भएर जाने बाटोलाई प्रयोगमा ल्याउने समेत बताउनुभयो।

### कीर्तिपुर नगरपालिकाको

## अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

- डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
- डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
- डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
- डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
- डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
- डा. पूर्णिमा शाक्य (नि. सुपरिटेण्डेण्ट, विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com